आज मिति २०८३ जेठ महिनाको ४ गते सोमबारका दिन विहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिब डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी वोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक बहादुर रावल — शाखा अधिकृत

श्री पुष्पकोमल वली — वरिष्ट लेखा अधिकृत

श्री सन्तोष सापकोटा — लेखा अधिकृत

श्री [illegible] — सामाजिक संयोजक

श्री [illegible] — शिक्षा अधिकृत

मिति २०८३/०२/०४ गतेको कार्यपालिकाको बैठकमा पेस भएका प्रस्तावहरु

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनोट सम्बन्धमा । | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा कार्यालयबाट पेश भएका आयोजना छनोट गरी पेश गर्ने सम्बन्धमा । | |
| २ | त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्यविधि २०७९ संशोधन सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्यविधि २०७९ संशोधन सम्बन्धमा छलफल गर्ने । | |
| ३ | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । | शिक्षा समितिको मिति २०८३/०२/०४ गतेको निर्णय अनुमोदन सम्बन्धमा । | |
| ४ | त्रिवेणी गाउँपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा स्थायी शिक्षकको पदमा कार्यरत शिक्षकहरु मध्येवाट प्र.अ. छनोट गरी हाजिर हुनको लागि जानकारी गराउने सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा स्थायी शिक्षकको रुपमा कार्यरत शिक्षकहरु मध्येवाट प्र.अ. छनोट गरी हाजिर हुनको लागि जानकारी गराउने सम्बन्धमा छलफल गर्ने सम्बन्धमा । | |
| ५ | कार्यक्रम संशोधन सम्बन्धमा । | | |
| ६ | विविध सम्बन्धमा । | | |

प्रमाणित

२०८३/०२/०४

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

निर्णयहरु :

निर्णय नं.१ : प्रस्ताव नं. १ माथि छलफल गर्दा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा समितिको निर्णय सहित पेश भएका तपसिल बमोजिमका आयोजनाहरु छनोट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो । साथै उक्त आयोजना संशोधन नगर्ने समेत प्रतिबद्धता व्यक्त गरियो ।

| क्र.स. | आयोजनाको विवरण | वडा | प्रस्तावित रकम | विषय क्षेत्र |
|---|---|---|---|---|
| १ | रावलखोला पलासे सल्लेचौर र वनघर सिचाई कुलो निर्माण आयोजना | १ | १५ लाख | सिंचाई |
| २ | गौरेजीउला तथा लामाजीउला मुहान सिचाई कुलो निर्माण आयोजना | २ | १५ लाख | सिचांई |
| ३ | हात्तिढुङ्गा वगरज्युला घुसुल्ला हुँदै गैरीखेतसम्म सिंचाई कुलो निर्माण आयोजना | ३ | १५ लाख | सिचांई |
| ४ | डाँडालुहाम सिंचाई कुलो निर्माण आयोजना | ४ | १५ लाख | सिचांई |
| ५ | गौरेलखेत तथा कालीकोइरेली सिचाई कुलो निर्माण आयोजना | ५ | १५ लाख | सिचांई |
| ६ | शारदा खोला अन्तर्गत लोरे अम्रे भन्ने स्थानमा तटवन्ध निर्माण आयोजना | ६ | १५ लाख | भु संरक्षण |

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको शिक्षक दरवन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्यविधि २०७९ मा केही दफाहरु थप गरी संशोधन गर्ने निर्णय गरियो

निर्णय नं.३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा, शिक्षा समितिको मिति २०८३/०२/०४ गते भएको तपसिल वमोजिमको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स | शिक्षकको नाम | कार्यरत विद्यालय | सरुवा/ काज सरुवा गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | गौरी कुमारी घर्ती | शारदा प्रा वि ज्यामिरे | जनता मा वि काभ्रा | दरबन्दी सहित सरुवा |
| २ | मंगल सिं रामजा | शारदा प्रा वि ज्यामिरे | राधेश्याम मावि गैरागिठी | दरबन्दी सहित सरुवा |
| ३ | कृष्ण बहादुर खड्का | महाकवि देवकोटा प्रा वि बाह्रभदौ | राधेश्याम मावि गैरागिठी | दरबन्दी सहित सरुवा |
| ४ | शसिराम खत्री | निराजन प्रा वि गोगने | सरस्वती आ वि ठूलाचौर | दरबन्दी सहित |

प्रमाणित
२०८३/०२/०४
[stamp: ... बहादुर के सी, प्रमुख प्रशासकीय अधिकृत]

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | सरुवा |
| ५ | सुकी कुमारी खत्री | निराजन प्रा वि गोगने | सरस्वती आ वि ढुलाचौर | सरुवा |
| ६ | दिनेश कुमार चौधरी | पञ्चकन्या प्रा वि राजागिठी | सरस्वती मा वि सिम्क | दरबन्दी सहित सरुवा |
| ७ | ससिराम खत्री | कृष्ण प्रा वि पिमखोला | ~~आ वि दाङचुली~~ त्रिवेणी मा.वि.सरीकोट | दरबन्दी सहित सरुवा |
| ८ | मोहन वली | सरस्वती मा वि सिम्क | राधेश्याम मा वि गैरागिठी | काज सरुवा |
| ९ | रिक्त दरबन्दी | महाकवि देवकोटा प्रा वि बाह्मदौ | आ वि दाङचुली | दरबन्दी सरुवा |
| १० | बिमला शर्मा | शिद्ध आ वि चैतेडाँडा | चण्डेश्वरी आ वि लुहाम | काज सरुवा |
| ११ | तिलक बहादुर बुढाथोकी | महाकवि देवकोटा प्रा वि बाह्मदौ | पञ्चकन्या प्रा वि राजागिठी | दरबन्दी सहित सरुवा |
| १२ | रिक्त | सिद्ध देवि अखेला | जनसहयोग प्रा वि वेलडाँडा | दरबन्दी स्थानान्तरण |
| १३ | रिक्त | जयवुद्ध प्रा वि | सरस्वती मा वि सिम्क | दरबन्दी स्थानान्तरण |
| १४ | खडानन्द अधिकारी | कालिका प्रा वि मेलचौर | शिद्ध आ वि चैतेडाँडा | दरबन्दी सहित सरुवा |
| १५ | शोभाजंग के सी | कालिका प्रा वि मेलचौर | शिद्ध आ वि चैतेडाँडा | दरबन्दी सहित सरुवा |
| १६ | विजय शाही ठकुरी | कृष्ण प्रा.वि. पिमखोला | त्रिवेणी मा वि सरीकोट | दरबन्दी सहित काज सरुवा पदस्थापना |

विद्यालय समायोजन तथा तह मिलान भएका विद्यालयहरु :

| क.स | विद्यालयको नाम | हाल संचालित तह | समायोजन गरिएको तह | कैफियत |
|---|---|---|---|---|
| १ | महाकवि देवकोटा प्रा वि बाह्मदौ | १-५ | बालविकास कायम | |
| २ | जनकल्याण प्रा वि चोरखोला | १-५ | १-३ कायम | |
| ३ | कृष्ण प्रा वि शंखपिपल | १-५ | १-३ कायम | |
| ४ | शारदा प्रावि ज्यामिरे | १-३ | बालविकास कायम | |

प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| ५ | निराजन प्रा वि पोखरीचौर | १-५ | बालविकास कायम | |
| ६ | सिद्धदेवि प्रा वि अखेला | १-३ | बालविकास कायम | |
| ७ | शिद्ध आ वि चैतेडाँडा | १-६ | १-५ कायम | |
| ८ | कृष्ण प्रा वि पिमखोला | १-३ | बालविकास कायम | |
| ९ | लक्ष्मी प्रा वि डाँडासल्ले | १-५ | १-३ कायम | |
| १० | जयवुद्ध प्रा वि पोखरीचौर | १-५ | बालविकास कायम | |
| ११ | कालिका प्रा वि मेलचौर | १-५ | बालविकास कायम | |
| | | | | |

निर्णय नं.४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिकामा २ वटा दरवन्दी सहितका स्वीकृत प्रास मा वि र ४ वटा सञ्चालनका लागि अनुमति भएका शुन्य दरबन्दी रहेका माध्यमिक विद्यालय रहेको साथै पालिकाको २०८२ सालको SEE नतिजामा सल्यान जिल्लामा सबैभन्दा कमजोर (२२ प्रतिशत)नतिजा आएको साथै केही विद्यालयमा उतिर्ण प्रतिशत शुन्य भएको हुँदा उक्त अवस्थालाई मध्यनजर गर्दै माध्यमिक तहका स्थायी शिक्षकहरुको प्रशासनिक तथा शैक्षणिक विज्ञताको उपयोग गरी समग्र माध्यमिक विद्यालयको गुणस्तर सुधार गर्नको लागि त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन सम्वन्धी प्रथम संशोधन कार्यविधि २०८३ बमोजिम तपसिल बमोजिमका विद्यालयहरुमा प्रधानाध्यापकको रुपमा काजमा शिक्षक पठाउने निर्णय गरियो ।साथै उक्त स्थानमा प्रधानाध्यापकको रुपमा खटाइएका विद्यालयबाट मिल्दो विषयमा शिक्षक काजमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | शिक्षकको नाम | कार्यरत विद्यालय | काजमा खटाइएको विद्यालय | तोकिएको जिम्मेवारी |
|---|---|---|---|---|
| १ | राजेन्द्र चन्द | जनता मा वि काभ्रा | सरस्वति मा.वि. सिम्क | प्र.अ. |
| २ | नविन शाह | जनता मा वि काभ्रा | राधेश्याम मा.वि. गैरागिठी | प्र.अ. |
| ३ | यज्ञ शर्मा | जनता मा.वि.काभ्रा | त्रिवेणी मा वि सरीकोट | प्र.अ. |
| ४ | हिकमत बहादुर रोका | जनता मा.वि.काभ्रा | माध्यमिक विद्यालय टोट्के | प्र.अ. |
| ५ | दल बहादुर राना | नेपाल राष्ट्रिय मा.वि.रेख | दरवन्दी भएको सोही विद्यालयमा । | प्र.अ. |
| ६ | कृष्ण बहादुर बुढाथोकी | जनता मा.वि. काभ्रा | दरवन्दी भएको सोही विद्यालयमा । | प्र.अ. |
| ७ | लोकराज भण्डारी | सरस्वति मा.वि. सिम्क | जनता मा.वि. काभ्रा | मा वि विज्ञान शिक्षक |

प्रमाणित
२०८३।०६।०५

| | | | | |
|---|---|---|---|---|
| ८ | टिकाराम परियार | राधेश्याम मा वि गैरागिठी | जनता मा.वि. काभ्रा | मा वि गणित शिक्षक |
| ९ | बिमला बली ठाकुर | त्रिवेणी मा वि सरीकोट | जनता मा.वि. काभ्रा | मा वि अङ्ग्रेजी शिक्षक |
| १० | बलिराम बस्नेत | राधेश्याम मा.वि. गैरागिठी | जनता मा.वि. काभ्रा | नि.मा.वि अङ्ग्रेजी शिक्षक |

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा, तपशिल बमोजिमका कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.नं. | कार्यक्रमको नाम | घट रकम | श्रोत | कार्यक्रमको नाम | थप रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २००००० | आन्तरिक श्रोत | अध्यक्ष कप/जिल्ला खेलकूद कार्यक्रम | २००००० | |
| २ | सडक मर्मतका लागि खरिद मेशिन मर्मत खर्च | ३०००० | समानीकरण अनुदान | शारदा मेयर कप T-20 क्रिकेट प्रतियोगिता खर्च | ३०००० | |
| ३ | चौमासिक वडा कार्यालय संचालन खर्च | १३००००० | राजस्व बाँडफाँड | संचार महशुल | ४००००० | |
| | | | | बिमा तथा नविकरण खर्च | ३००००० | |
| | | | | पानी तथा बिजुली | ४००००० | |
| | | | | विविध खर्च | २००००० | |
| ४ | जम्मा | १५३०००० | | | १५३०००० | |

निर्णय नं.६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा, तपसिल बमोजिमको निर्णय गरियो ।

६.१ माध्यमिक विद्यालयमा खटाइएका प्रधानाध्यापकहरु सँग SEE को नतिजा ५० प्रतिशत अनिवार्य ल्याउने गरी विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नको लागि १ वर्षको प्रधानाध्यापक कामना करार सम्झौता गर्ने ।

६.२ राहत शिक्षकहरुको सम्बन्धमा मा वि राहतको हकमा अध्यापन गर्ने विषयमा SEE मा औसत ५० प्रतिशत उतिर्ण भएको नतिजा ल्याउनु पर्ने र सो ल्याउन नसकेमा राहत, अस्थायी तथा गाउँपालिका अनुदानमा करार नविकरण नगर्ने

प्रमाणित
२०८१/०२/०८

निर्णय गरियो ।साथै स्थायीको हकमा कार्यसम्पादन मुल्यांकन गर्दा नतिजालाई मुल आधार बनाइ वास्तविक तथ्यांकको आधारमा मात्र कार्यसम्पादन मुल्यांकन गर्ने निर्णय गरियो ।साथै अन्य कक्षामा अध्यापन गराउने अस्थायी, राहत, करार शिक्षकहरुको औसत न्युनतम ७० प्रतिशत सफल नतिजा नआएको खण्डमा करार नविकरण नगर्ने निर्णय गरियो ।

६.३ प्रत्येक विद्यालयमा एक जना बालविकास शिक्षक कायम गर्ने र उक्त शिक्षकमा संघीय दरबन्दीमा कार्यरतलाई निरन्तरता दिने साथै विद्यार्थी संख्या न्युनतम १५ जना भएको स्थानमा एक जना मात्र कायम गर्ने साथै सो भन्दा बढी बालविकास शिक्षक भएमा गाउँपालिकाको अनुदान अन्तर्गत कार्यरत बालविकास शिक्षकलाई सेवामा निरन्तरता नदिने निर्णय गरियो साथै सो को कार्यान्वयन गर्नको लागि यथासिघ्र पत्राचार गर्ने निर्णय गरियो ।

६.४ पालिका अनुदान अन्तर्गत स्थापना भएका सामुदायिक सिकाई केन्द्रमा कार्यरत कर्मचारीहरुको तलब अनियमित बेरुजु आएको हुँदा उक्त कर्मचारीहरुको करार नविकरण नगर्ने निर्णय गरियो साथै सो को कार्यान्वयन गर्नको लागि यथासिघ्र पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६.५ आर्थिक वर्ष २०८२/०८३ को यस गाउँपालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार शिक्षा क्षेत्रमा साक्षरता कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेटको कार्यान्वयनका लागि खरिद भएका पुस्तकालय व्यवस्थापनका सामाग्रीहरु तपशिल बमोजिमको विद्यालयमा हस्तान्तरण गर्ने निर्णय गरियो ।

क) शिव सरस्वति आधारभूत विद्यालय राताचौर

ख) चण्डेश्वरी आधारभूत विद्यालय लुहाम

ग) आधारभूत विद्यालय दाङचुली

६.६ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आ.व. २०८२/०८३ को कार्यक्रम कार्यान्वयन कार्यविधिको शिर्षक नम्बर २.२ शिक्षकको तलब भत्ता तथा सेवा सुविधा सम्वन्धी विवरण अनुसार स्थानीय भत्ता पाउने जिल्ला भएमा वर्ष भरीको जम्मा १०.५ महिनाको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा अस्थायी करार शिक्षक, प्राविधिकधार कक्षा ९-१२ मा कार्यरत प्रशिक्षक र सहायक प्रशिक्षकलाई स्थानीय भत्ता प्रयोजनको लागि स्थान वर्गिकरण अनुसार "ग" वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरुमा सल्यान जिल्ला भएको हुँदा र सोही अनुसार विद्यालयबाट पटक पटक माग भई आएको हुँदा चालु आ.व.मा ३ महिनाको स्थानीय भत्ता उपलब्ध गराउने साथै असुल उपर बेरुजुको आएको खण्डमा सम्बन्धीत शिक्षकहरुबाट असुल उपर गराइ फस्यौंट गराउने निर्णय भएको हुँदा शिक्षकको चालु आ ब को ३ महिनाको स्थानीय भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

६.७ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/01/11 गतेको संगठन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५ को (३) बमोजिम त्रिवेणी गाउँपालिकाको संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पूर्व स्वीकृति दिने निर्णय गरियो ।

प्रमाणित

२०८१/०१/०४